# ६ विदेशीको आस्था उरिया

***यस अध्यायको निम्ति पढ्नुहोस्:*** १ सामूयल २६:५-११, २ सामूयल ११, एस्थर ८:१७, भजन ५१, यशैया ५६:३-७, एफिसी २:१९

***स्मरण गर्नुपर्ने पद:*** "तिम्रो सारा हृदय र आत्माले परमेश्वरलाई प्रेम गर्नु। तिम्रो सारा शक्तिले उहाँलाई प्रेम गर्नु।" (व्यवस्था ६:५)।

तपाईंले रेलमा चढ्न टिकट किन्दै हुनुहुन्छ रे। रेल छुट्ला भनेर चिन्ता गर्दै टिकटको निम्ति लामो लाइनमा वस्दै हुनुहुन्छ। आखिरमा तपाईंको पालो आउँछ र टिकट किनी सिकेपछि रेलको निम्ति दौगुर्नुहुन्छ। अनि दौगुर्दै गर्दा टिकट बेच्नेले तपाईंलाई बेसी पैसा दिएको थाहा पाउनुभयो। तपाईंले के गर्ने? रेल छुट्ने समयलाई वास्ता नगरि के तपाईं फेरि लाइनमा बसेर आफ्नो इमान्दिरिता देखाउन वढि पैसा फिर्ता दिनुहुन्छ कि अहो यो त मेरो भाग्य भनेर ढुक्क भएर रेल चढ्न जानुहुन्छ?

यो परिस्थितिमा तपाईं जे गर्नुहुन्छ, त्यो तपाईंको ठिक र गलतको ज्ञानमा भर पर्छ। हाम्रो दैनिक जीवन कसरी चलाउनु पर्छ भनेर मार्गदर्शन गर्ने तत्वलाई नैतिकता वा मर्यादा भनिन्छ। हाम्रो चेतनामा राखीएको मार्ददर्शन अनुसार हामी हिंड्छौं। परिस्थिति अनुसार चल्नुपर्छ भनेर लोकप्रिय चेतना वा विवेक आज लोकप्रिय छ। के ठिक, के गलत, के न्यायोचित, के अन्याय, यी सबै कुरा प्रत्येक परिस्थितिमा भर पर्छ, र नैतिक वा मर्यादाका आधार परिस्थिति अनुसार बदलिन्छ रे। कुनै निश्चित परिस्थितिमा तपाईंको निम्ति जे उत्तम छ त्यहि गर्नुपर्छ भन्ने धारणाले तपाईंको नैतिकतालाई समायोजन वा मिलाउनुहुन्छ।

यस अध्यायमा दुई खालका नैतिक आचरणहरूको बारेमा अध्ययन गर्नेछौं। ती हुन् राजा दाउद र उनका बफादार सैनिक युरियाहको। दाउदले जुन काम गरे त्यो भयङ्कर अपराध थियो। युरियाहले अपनाएको बाटोसँग तुलना गर्दा दाउद अत्यन्त खराब देखिन्छ। युरियाहको बारेमा

हामीलाई धेरै थाहा छैन। विश्वास वा आस्थाको बारेमा भाषण छाँट्नेमात्र होइन त्यस अनुसार चल्नु भनेको के हो भनेर युरियाहको दुःखान्त कथाबाट यस अध्यायमा हामी सिक्नेछौं।

## १. चिप्लिने भिरालो (२ सामूयल ११:१-१५)

दोश्रो सामूयल ११ ध्यानपूर्वक पढ्नुहोस्। अनि सोच्नुहोस्, परमेश्वरले सम्मान गर्नुभएको व्यक्तित्व कसरी पापको खाल्डोमा फस्न सक्छ? यसले हामी सबैलाई कसरी सतर्क गराउँछ?

दाउदको कथा नपढि युरियाहको कथा हामी पढ्न सक्दैनौं। दाउद कत्तिको निचमा झऱ्यो भनेर युरियाहको कथामा हामी पाउँछौं। दाउदको जीवन र राज्यकालले कसरी महत्वपूर्ण मोड लियो भनेर उनको, बेथशीवा र युरीयाहको कथाले बताउँछन्। यो भन्दा अघि, दाउदले परमेश्वरबाट पाएको शक्ति अनुसार शक्तिशाली राजा भएर स्थापित भएको थियो। तर २ सामूयल ११ अध्यायले दाउद पतन हुनथालेको बाइबलले लुकाउन नचाहेको हामी भेट्टाउँछौं।

दाउदले त पाप गऱ्यो भनेर कतिपयले आफ्नो पापला अनुमोदन गर्न बहाना गरेको पनि पाउँछौं। तर दाजुहरूबाट तिरस्कृत भेँडा गोठाला दाउद परमेश्वरको आँखाका नानी भएर हुर्केका राजा भएपछि जुन पाप गरे त्यसको फल तत्कालै कसरी भोग्नु पऱ्यो भनेर सामूयलका पुस्तकका लेखकले भण्डाफोर गरेको पाउँछौं। एउटा मानिसको पापले गर्दा कतिपय मानिसहरूलाई प्रभाव पार्ने रहेछ भनेर पनि यस कथामा देखाएको पाइएको छ। दाउदको पापको प्रथम् शिकार त युरियाह नै भयो। त्यसपछि बेथशीवाबाट जन्मेकी छोराको मृत्यु दाउदले हेर्नुपऱ्यो। आफ्नै परिवारबाट उनले सम्मान र इज्जत गुमाउनु पऱ्यो। उनको व्यक्तिगत पापको प्रभाव परिवारमा मात्र होइन राष्ट्रमै परेको थियो। जसले गर्दा बलात्कार (२ सामूयल १३:१४), हत्या (२ सामूयल १३:२८,२९), विद्रोहमा धेरैको मृत्यु (२ सामूयल १५) जस्ता पापका साङ्गलाहरू गाँसिन पुगे। हो, दाउदले पश्चाताप गर्छ र परमेश्वरको अनुग्रह त पाउँछ। तर, पापको परिणाम गम्भिर हुन्छ भनेर

सामूयलका लेखकले स्पष्टसँग औंल्याएको हामी पाउँछौं (२ सामूयल १२:१३,१४)।

लेखकले दाउद, बिथशीबा र युरीयाहका बृतान्त अत्यन्त सोचेर नै लेखेको पाउँछौं। सामूयलका लेखकले आफ्नो कथालाई स्पष्ट रूपमा प्रस्तुत गर्न धेरै क्रियाशील शव्दहरू प्रयोग गरेको पाउँछौं (पठायो भन्ने क्रियापद प्रायजसो प्रयोग गरिएको छ)। दाउद र युरीयाह कति फरक ढँगले चले भनेर प्रस्तुत गरिएकोछ। मूख्य घट्नालाई आधार बनाएर यसलाई नजिकै अध्ययन गरौं।

*आमोनाइटहरूसँग लड्न दाउदले आफ्नो सेनापती जोआबलाई पठाँउछ (२ सामूयल ११:१)।

*दाउदले आफ्नो सैनिक युरियाह घर नभएको मौका पारेर उनको सुन्दरी पत्नी बेथशीबाको बारेमा खोजनिति गर्छन् (पद ३,४)।

*दाउदले बेथशीबालाई दरवारमा बोलाएर परस्त्रीगमन गर्छन् (पद ४)।

*आफू दुई जीउ भएको खबर बेशीवाले दाउदकहाँ पठाउँछिन् (पद ५)

*दाउदले युरियाहलाई बोलाउँछन् र उनलाई घरबिदा दिएर घरमा जानु भनेर उक्साउँछन् तर आफ्ना सैनिक मित्रहरू लडाईंको मुखमा परिरहेको बेलामा आफू घर गएर श्रीमतीसँग रमाइलो गर्न इन्कार गर्छन् (पद १३)।

*दाउदले युरीयाहलाई शत्रुकै सामुन्नेमा लड्न दिएर उनी मरोस् भनेर युरीयाहकै हातबाट मृत्युको चिट्ठी आफ्नो सेनापती जोआबलाई पठाउँछन् (पद १४,१५)।

२ सामूयल ११मा उल्लेखित “पठायो" भन्ने क्रियापद अत्यन्त महत्वपूर्ण क्रियाशील शव्द भएको पाउँछौं। जब हामीले कसैलाई कहिं पठाउँछौं त यसको अर्थ त्यस व्यक्तिप्रति हाम्रो अधिकार भएको जनाउँछ। यस कथाका प्रमूख र शक्तिशाली व्यक्ति सचमूच रूपमा राजा दाउद नै हुन्। प्रायजसो पठाउने काम उनैले गर्छन्। आफ्ना मानिसहरू उनको नियन्त्रणमा छन् भनेर उनले देखाएको छ।

मानिसलाई उचाल्ने र थचाल्ने काम उनले गरेको पाउँछौं। त्यस ताकाका मध्यपूर्वका कुनै पनि राजाहरू भन्दा उनी कम छैनन् भनेर उनले देखाएका छन्। सबै उनको नियन्त्रण भएतापनि एउटा कुरो उनको नियन्त्रणमा छैन भन्ने कुरा उनलाई थाहा थिएनः त्यो हो, पाप। जट्ट हेर्दा यस कथाका मूख्य पात्र वा भूमिका खेल्ने दाउद भनेर देखाएतापनि पापले तै उनको रोजाई र तर्कलाई नियन्त्रणमा लिएको खुलासा गरिएको छ।

## २. कोहि पनि टापु होइन (१ सामूयल २६:५-११)

आमोरीहरूसँगको लडाईं नै दाउद र युरीयाहको पृष्ठभूमी थियो। २ सामूयल ११:१ ध्यानपूर्वक पढ्नुहोस्। यसका लेखकले दाउदको आलोचना कसरी गर्दछन्?

जोआबको नेतृत्वमा आफ्ना सेना शत्रुसँग लडाईं गर्न पठाउँछन् तर आफूचाहिँ दरवारमा नै रहिरहन निर्णय गर्दछन्। यो निर्णय नै उनको पहिलो भूल थियो। राजा भएको कारण आफू अरूभन्दा माथि अर्थात् विशिष्ट व्यक्ति भएको आभास गरे। यसले गर्दा आफूलाई खतरामा पार्न ठिक ठानेनन्। सबभन्दा ठूलो खतरा भित्रबाट आउँछ बाहिरबाट होइन भनेर दाउदले सिकेका थिएनन्। कुनै पनि अधिकार वा शक्तिसम्पन्न भएको मानिसले आफू अरूभन्दा बहुमूल्य व्यक्ति र नियम कानूनभन्दा माथि भएको ठान्छ। यो मनस्थिति भएको व्यक्तिले आफूले आफैलाई मूर्ख बनाएको थाहा हुन्दैन।

१ सामूयल २६:५-११ र २ सामूयल ११मा उल्लेख गरेका दाउदका नेतृत्वको तुलना गर्नुहोस्। ती दुईमा दाउदको चरित्रलाई कसरी भिन्नै रूपमा चित्रण गरेका छन्?

पहिलो कथामा दाउदले सावलको जीवनलाई रक्षा गरेको हुन्छ र उदारहणद्वारा आफू चलेको हुन्छ। सहायताको निम्ति स्वयंसेवकहरूको आह्वान गर्दछन्। तर २ सामूयल ११मा दाउद आफ्ना सैनिकहरूलाई नेतृत्व गर्दै लड्न जान्दैन। परमेश्वरबाट पाउने व्यक्तिगत सुरक्षा र अगूवाईमा भर नपर्न उनी पन्छिछन्। अनि एकदिन बेलुकाको हावा खान आफ्नो दरवारको छानामा जान्छन्। शायद त्यस

दिन गर्मी याम थियो। किल्लाले घेरेको शहरको सवभन्दा उच्च स्थानमा दरवार बनाएको हुनुपर्दछ। हुनसक्छ, आफ्नो दरवारबाट प्रायजसो सारा येरुशल शहर देखिन्थ्यो। हावा खाने क्रममा दरवारको छानामा डुल्दा उनले एक सुन्दरी स्त्री नुहाइरहेकी देख्छन्। अनि त्यो स्त्री को भनेर कसैलाई सोध्न पठाउँछन्। त्यस स्त्री विदेशी हिटाईट जाती युरीयाहको श्रीमती भनेर थाहापाएर दरवारमा बोलाउँछन्। जुन शव्दमा दाउदले बिथशीवालाई बोलाएको भनेर हिब्रु भाषामा प्रयोग गरेको छ त्यो कडा शव्द थियो। कुनै वस्तु जवरजस्ती कसरी लिएको भनेर देखाउन यहि शव्द प्रयोग गरिएको थियो (हिब्रू १४:११)। दाउदलाई उनको कामबासनाले माथ पारेको हुन्छ। त्यस सुन्दरी स्त्रीसँग आफू अत्यन्त मोहित हुन्छन् र के ठिक के वेठिक भन्ने कुरालाई पूरै विर्सिदिन्छन्। राजा भएर आफ्नो पदको दुरूपयोग गर्दा बिथशिवा र युरीयाहबाट नजन्मेको बालक र सारा इस्रायली इतिहासको दिशा नै सदाको निम्ति बदलाई दिन्छन्।

तपाईंले गर्नुभएको निर्णयप्रति बिचार गर्नुहोस्। के त्यो निर्णय तर्कपूर्ण र एकदम सोचेर गर्नुभएको हो? वा भावात्मक र आवेगमा गर्नुभएको हो? कुन वैचारिक धारणाले तपाईंलाई बसमा राखेको छ? निर्णायक घडिमा तपाईंले ती दुई रोजाईलाई ठिकसँग कसरि चुन्ने? यदि, तपाईं अनिर्णयको वन्धी हुनुभएको छ भने त्यसबाट तपाईंले कसरी राहत पाउने?

## ३. इस्रायली देशमा विदेशी वा भाडाका सैनिक (रूथ १:१-१६)

२ सामूयल ११मा युरीयाहलाई हिट्टि भनेर सम्वोधन गरेको पाउँछौं। हिट्टिहरू को हुन् त? त्यस ताका हिट्टाइट भन्ने जात बृहत पालेस्टाइन राज्यमा बसोबास गर्दथे। तिनीहरू वर्तमान टर्की, सिरिया र लेबनानका बासिन्दा थिए। यो राज्यको उत्तरी सिमानामा इस्रायल थियो। संस्कार तथा संस्कृती, राष्टियता, धर्म र जात पुरानो करारको पालामा मिसिएको हुन्थ्यो। यसै कारण पुरानो करारका इस्रायलीहरूले अन्तरजातिय बिवाहको कडा रूपमा विरोध गर्दथे। आफ्नो जातको र वरिपरी देशका मानिसहरूसँगको अन्तरजातिय वैवाहिक सम्वन्धमा

मनाहि गरिएको थियो। इस्रायलमा जब जब महत्वपूर्ण चाढबाढ हुन्थ्यो तक तब व्यवस्था ७:३ सिकाइन्थ्यो। यसमा विदेशी वा अरू जातसँग विवाह नगर्नु भनेर निर्देशन दिइएको छ। धर्मकै कारण अन्तरजातिय विवाहलाई मनाहि गरिएको थियो। हुनत पुरानो करारमा धेरै विदेशीहरूले इस्रायलको परमेश्वरलाई ग्रहण गरेका धेरै उदाहरणहरू छन्। र बिदेशीहरूले यहूदी धर्मलाई अङ्गाल्दा तिनीहरूलाई सकारात्मक रूपमै लिएको थियो भनेर बाइबलले देखाएको पाउँछौं। दुवै धर्म र बिवाहलाई स्विकार गरिएको कुरा युरियाहको कथामा हामी पाउँछौं।

यहोशू ६:२५, रूथ १:१-१६, एस्थर ८:१७ र यशैया ५६:३-७ पढ्नुहोस्। विदेशीहरूलाई इस्रायलमा कसरी ग्रहण गरियो भनेर ती पदहरूमा दिएका उदाहरणहरूले बताउँछन्?

मोआबी देशका रूथ आफ्नो देश, जनता र धर्म छोडेर सासुसँग इस्रायलमा फर्केकि थिइ। अरू मानिस र अर्को परमेश्वरलाई बुझ्न कत्तिको महत्वपूर्ण रहेछ उनका प्रख्यात शव्दहरूले देखाउँछन्: “तपाईंलाई छोडेर मलाई फर्क नभन्नुहोस्। तपाईं जहाँ जानुहुन्छ, म त्यहाँ आउनेछु। तपाईं जहाँ वस्नुहुन्छ म त्यहाँ बस्नेछु। तपाईंका मानिस मेरा मानिस हुनेछन्। तपाईंको परमेश्वर मेरा परमेश्वर हुनेछन्।" रूथ १:१६। यसरी विदेशी बुहारी र छकाउने वेश्या राहबलाई इस्रायली घरानामा हुलेको कुरालाई बाइबलले स्पष्ट पारेको छ। जेरिको शहरका वेश्या राहाबले इस्रायलीहरूका दुई जना जासुसहरूलाई सुरक्षा दिएकी थिइन्। इस्रायलाका परमेश्वर शक्तिशाली, भरपर्दो भनेर उनले स्विकार गरेकी थिइन्। केहि समय पछि सालमन गरेका मानिससँग राहाबको विवाह हुन्छ। यसरी राहाबसँगै रूथ पनि येशूको वंशावलीमा समावेश भएको हामी पाउँछौं। (यहोशू ६:२५, मत्ती १:५)।

दाउदको सेवा गर्ने हिट्टीहरूमा युरियाह प्रथम थिएन। १ सामूयल २६:६मा उल्लेख गरिएको उनको सेवा गर्ने व्यक्ति अहिमेलक पनि हिट्टि नै थिए। तर युरियाह दाउदको बहादुर योद्धाहरूमा उनी एक थिए (१ इतिहास ११:४१)। १ इतिहास ११:३मा उल्लेख गरेको व्यक्ति

इलियाम जुन बिथशिबाको बुबा थिए। यदि त्यहि इलियम गिलोनाइटको अहथोफेल (२ सामूयल २३:३४)को छोरा भएको भए युरियाहले एक अत्यन्त शक्तिशाली र सभ्रान्त परिवारसँग बैवाहिक सम्वन्ध गाँसेको देखाउँछ। उसको ससुरा अत्यन्त असल योद्धा र दाउदको अत्यन्त मूल्यवान सल्लाहकारका छोरा हुनसक्थ्यो। यहि कारणले युरियाहको घर दरवार नजिकै थियो भनेर तर्क गर्न सकिन्छ। यहि कुरालाई मध्यनजर राख्दा दाउदले आफ्नी नातिनि बेथशिवाप्रति गरेको दुर्व्यवहार र आफ्नो नातिनी ज्वाँई युरियाहलाई गरेको हत्याले गर्दा अहिथोफेल दाउदसँग रिसायर उनको छोरा अबसोलमको बिद्रोहमा सामेल हुन्छ।

यहूदी धर्मलाई अङ्गाल्ने रूथ, राहाब, र युरियाहका जीवन कहानी पढेर हामी परमेश्वरसँग सम्वन्ध कसरी मजबूत पार्न सक्छौं? हामी जुनसुकै खान्दान वा पृष्ठभूमीबाट आएका भएपनि येशूद्वारा परमेश्वरको परिवारमा समावेश हुनसक्छौं भनेर किटान गर्न एफिसी २:१९ले कसरी मद्दत गर्न सक्छ?

## ४. नाममा के छ? (उत्पत्ती १७:५)

बाइबलमा नाउँ धेरै महत्वपूर्ण मानिन्छ। मानिसको नाउँले नै उसको संकृती र आस्थाको बारेमा भन्न सक्छ। नाउँले नै आमाबाबुको इच्छा छोराछोरीमा कस्तो थियो भनेर बताउँछ। प्रायजसो परिस्थिति र आस्थामा परिवर्तन हुँदा नाउँ पनि बदलिएको हामी पाउँछौं।

देहायका केहि बाइबल पात्रहरूलाई नयाँ नाम दिइएका थिए। ती नयाँ नाम किन दिइयो भनी जान्न बाइबलका पद पढ्नुहोस्?

अब्राम (उत्पत्ति १७:५)

याकूब (उत्पत्ति ३२:२७,२८)

दानियल (दानियल १:७)

रातको पहलमा स्वर्गका पाहुनासँग मुठभेट भएपछि याकूबले नयाँ नाउँ पाएका थिए। यस अनुभवले गर्दा बाइबलको इतिहासमा दूरगामी असर भएको पाउँछौं। अर्थात् बाइबलको इतिहासलाई मोड्ने धेरै घटनाहरूमा याकूवको अनुभव पनि एक प्रमूख हुनपुग्यो। याकूब भन्ने नाउँको अर्थ "धोकेवाज" थियो, तर त्यो नाउँ परिवर्तन गरि उनको नाउँ इस्रायल

राखियो जसको अर्थ “परमेश्वर संघर्ष गरून्" हो। याकूबका भविष्यका सम्पूर्ण सन्तानहरूलाई इस्रायली अर्थात् इस्रायलका सन्तान भन्न थालियो।

दानियलको सन्दर्भमा अर्कै उद्देष्यले उनको नाउँ परिवर्तन गरिएको थियो। जवान युद्धवन्धी दानियल कसको नियन्त्रणमा छन् भनेर थाहापाओस् भनेर सम्राट नेबुकदनेजार चाहेका थिए। दानियल र उनका साथीहरूको मगज पनि बेबिलोनकै दिमाग जस्तै होस् भनी उनी चाहन्थे। त्यसैकारण दानियलको नाउँ जसको अर्थ थियो “परमेश्वर मेरो न्यायकर्ता हुनुहुन्छ" बाट बेल्शेजार नाउँ दिइयो जसको अर्थ थियो, “राजकुमारको जीवन सुरक्षित होस्।" दानियलले परमेश्वरप्रतिको आस्थालाई नाश गरोस् भनेर नेबुक्दनेजारले कोशिष गरेका थिए।

बेथशीवाको श्रीमानको नाउँ बाइबलको इतिहासमा विषेश अर्थपूर्ण थिएन। पछि राजा हिजकियाको पालामा युरियाह नाउँ भएको भविष्यवक्ताले येरुशलेममाथि परमेश्वरको कस्तो न्यायहुन्छ भनेर भविष्यवाणी बोलेको थियो (यर्मिया २६:२०-२३)। हिब्रू भाषामा युरीयाहको अर्थ “मेरो ज्योति परमेश्वर हुनुहुन्छ" वा “परमेश्वरको ज्वाला" हो। उसको जन्म यहूदी कूलमा नभइ हिट्टिमा भएपनि उसले रोजेको कारण ऊ इस्रायलका परमेश्वरको अधिनमा थियो। युरीयाहको भौगोलिक पृष्ठभूमी अर्कै भएपनि परमेश्वरले छाला होइन हृदय हेर्नुहुन्छ भनेर देखाउँछ। परिवारको सदस्य चर्चको कुनै महत्वपूर्ण पदमा रहेतापनि वा परमेश्वरमा भयङ्कर आस्था राख्ने परिवारको सदस्य भयतापनि परमेश्वरको अगाडि त्यो व्यक्ति विषेश हुँदैन। परमेश्वरले हामीलाई ग्रहण गर्न हाम्रो परिवारको इतिहास वा व्यक्तिगत इतिहासले असर गर्दैन।

जात जातको विचमा, वर्ग वर्गको बिचमा, छाला छालाको बिचमा वा अरू कुनैपनि कारणले मानिस मानिसको बिचमा भएको फाटोको पर्खाललाई आफ्नो मृत्युद्वारा येशूले भत्काइ दिनुभएको छ (गलाती ३:२८)। परमेश्वरको सामु हामी सबै बराबर छौं भनेर क्रुसले प्रमाण गर्दछ। येशूको मृत्यु प्रत्येक व्यक्तिको निम्ति हो। परमेश्वरको

आँखाको सामु प्रत्येक व्यक्ति असिमित मूल्यको छ। हो, परमेश्वरले विभिन्न समूहलाई विभिन्न कामकर्तव्य र अभिभारा विभिन्न समयकालमा दिनुभएको छ। तर यसको अर्थ यो होइन परमेश्वरको सामु कुनै महत्वका छन् कुनै छैनन्। सारा मानिसको निम्ति येशू मर्नुभयो भनेर विश्वको इतिहासमा क्रुस धरोहरको रूपमा खडा भएको छ।

## ५. नैतिकवान वा आफ्नो आदर्शमा हिंड्ने व्यक्ति (२ सामूयल ११:१०-१३)

सामूयलको पुस्तकमा बिथशिवालाई एक अकर्मण्य वा जे गरेपनि चुप लागेर बस्ने महिला भनेर चित्रण गरेको पाइन्छ। दाउदको अपराधमा आफ्नो संलघ्नता कतिको छ भनेर पनि बाइबलका लेखकहरूले टिप्पणी गरेको पाउँदैनौं। दाउदको कामबासनामा निर्विरोध संलघ्नता देखाएर आफू पेचिलो भएको देखाएतापनि उनले ठूलो मूल्य चुकाउनु परेको थियो भन्ने कुरामा निर्विवाद छ। उनले भर्खरै जन्माएकी बच्चा मृत्युको मुखमा परेको थियो। दाउदको हातबाट फुत्केर घरमा आएकी बेलामा केवल एक पल्ट मात्र आफू दुई जिउ भएको खबर उनलाई पठाएका थिइन (२ सामूयल ११:५)। युरियाहलाई कमसेकम एकपल्टमात्र उसको घरमा पठाए असल हुन्थ्यो र अनि बिथिशिवाको वच्चा उसैको हो भनेर दावि गर्न सक्थ्यो भनेर दाउदले सोचेका थिए। यसले गर्दा दाउदको पाप लुकि नै रहन्थ्यो। अनि लडाईंमा लडिरहेका युरियाहलाई दाउदले आफ्नो दरवारमा बोलाउँछन्। ४० माइल हिंडेर थकित अवस्थामा युरियाह येरुशलेमा पुग्छन्। दाउदकहाँ पुगेपछि त्यहाँ केहि सामान्य भलाकुसारी हुन्छन्। “थाक्यो होला केहि दिन छुट्टि लिएर घरमा जाऊ र आफ्नी श्रीमतीसँग केहि रात रमाइलो गर" ठिक्क पारेर दाउदले युरियाहलाई भन्छ (२ सामूयल ११:८)। यति मात्र होइन आफू कस्तो असल छु भनेर देखाउन दाउदले युरियाह मार्फत घरको निम्ति केहि उपहार पनि पठाउँछन्। अनि दाउद धुक्क हुन्छन्, शायद आफूले आफैलाई भन्यो होला “बल्ल म नराम्रो परिस्थितिबाट उम्कैं। तर युरियाह नैतिकवान, आफूले अङ्गालेको राष्ट्रप्रति बफादार र आदर्श व्यक्ति थिए। गलतकाममा उसलाई सजिलैसँग प्रयोग गर्न सकिन्नथ्यो।

नजानी नजानी भएतापनि दाउदको छलमा उनी परेनन्। भोलिपल्ट दाउदले थाहा पाए, ए, ल युरियाह त राजाको दरवारका ढोकामा रहेका पहरेदारहरूसँग पो रात बिताएछन्। परिस्थिति आफ्नो हातबाट खुस्केकोले दाउदलाई चिन्ता लाग्छ। अनि फेरि भोलिपल्ट दाउदले युरियाहलाई दरबारमा बोलाउँछन्। युरियाह घर नगएकोले दाउद रिसाउँछन्। अब युरियाहले गर्दा दाउदको फण्डाफोर हुन्छ भनेर उनी डराएका थिए। दाउद फेरि आदरणीय व्यक्ति थिए, अब उनले यो कुरो बुझ्न सान्हो भयो कि अब उनी होइन युरियाह आदरणीय व्यक्ति भएर खडा भएका छन्।

आफ्नो घर नगइकन युरिया किन दरवारमा आफ्ना सैनिक साथीहरूसँग बसे? पढ्नुहोस्ः २ सामूयल ११ः१०-१३। यस्तै खालका सम्मानमा बसेका बाइबलका पात्रहरू के तपाईंलाई थाहा छ?

युरियाहको जवाफले उनी कत्तिको विश्वासीलो र बफादारी रहेछन् भनेर देखाउँछ। इस्रायलाका परमेश्वर र आफ्ना मित्र सैनिकहरूसाथ उनले आफ्नो पूर्ण प्रतिवद्धता देखाएका थिए। आफ्ना सैनिक मित्रहरू लडाँईको आगोमा परिरहेको बेलामा पाएको छुट्टिको फायदा उठाई आफू घरमा रमाइलो गर्न उनले निको मानेनन्। व्यक्तिगत स्वार्थ पूरा गर्ने निति उनको निम्ति गलत थियो। त्यहि दाउद जसले आफ्नो ज्यान खोज्ने राजा सावलप्रति पूर्ण रूपमा देखाएको बफादारिता भएको व्यक्तिले अब युरियाहको बफादारिता र विश्वासिलोपनालाई बुझ्न सकेनन्।

अनि दाउदले युरियाहलाई चक्रव्युहमा पार्न घिनलाग्दो योजना बनाउँछन्। प्रथमतः आफ्नो आदर्श नितिलाई तोड्न उसलाई रक्सी ख्वाएर मात्तिन लगाउँछन्। त्यस्तै गरेर लुतका दुई छोरीहरूले लुतलाई फसाएका थिए। यसले गर्दा आमोनीहरूको जन्म भएको थियो (उत्पत्ति १९ः३०-३८)। अहिले इस्रायली सेनाहरू आमोनीहरूसँग लडाँई गरिरहेका थिए। तर रक्सी लागेतापनि युरियाह आफ्नो घर जान इन्कार गर्छन्। आफ्नो वफादारीतामा प्रतिवद्धता रहेर फेर राजाकै चाकरहरूसँग रात बिताउँछन्।

२ सामूयल ११ पढेर भजनसँग्रह ५१ पढ्नुहोस्। पापको ज्यादती वा स्वभाव, पश्चाताप र परमेश्वरको अनुग्रहको बारेमा भजन ५१ले हामीलाई के सिकाउँछन्?

**उपसंहार:**

थप जानकारी: "बाइबलले मानिसहरूको प्रशसा कमै गरेको पाउँछौं। सबभन्दा असल मानिसहरूले गरेका असलकामको प्रशसालाई पनि बाइबलले कमै स्थान दिएको पाउँछौं। यो मौनता बिनाकारण होइन। यो पनि बिना पाठ पनि होइन। मानिसमा भएका सबै असल गुणहरू परमेश्वरका बरदान हुन्। परमेश्वरको अनुग्रहले नै येशूद्वारा ती मानिसहरूले असल काम गरेका हुन्छन्। तिनीहरू जे हुन ती परमेश्वरको भएकोले तिनीहरूले पाएका सबै महिमा, आदर तथा सत्कार परमेश्वरको हो। तिनीहरू केवल परमेश्वरका हातका औजारहरू हुन्। यसै कारण मानिसले जुन असल काम गरेपनि तिनीहरूको भाउ बढाउन तिनीहरूको प्रशसा गर्नु खतरापूर्ण काम हो। यदि कसैले परमेश्वरमाथि भरोसा र विश्वासलाई बिर्सेर आफ्नै बल वा सफलतामा भर पर्न थाल्यो भने त्यो व्यक्ति निश्चित रूपमा पतन हुन थाल्छ।

"सैतानसँगको युद्धमा हाम्रो आफ्नै शक्तिले जीत्न असम्भव छ। हामीले जे गरेतापनि यदि परमेश्वरलाई भुल्न हाम्रो मन लगाएर आफ्नो भाऊ खोज्न थाल्यो भने हामी पतनको पथमा लम्किरहेका छौं भनेर यकिन हुनुपर्दछ। मानिसहरूको बल शक्तिमा भर नपर्नु भनेर बाइबलले सिकाउँदछ। तर परमेश्वरको शक्तिमा भरोसा राख्न यसले हामीलाई सिकाउँदछ।

"आफ्नो आत्म-सम्मान र आत्म-महिमा अर्थात् मै हुँ भन्ने भावनाले अभिप्रेरित हुँदा दाउदको पतन हुन बाटो खुलेको थियो। चम्चाहरूको चिप्लो घसाई, प्रलोभन (अरूको मोलमा व्यक्तिगत महत्वाकाँक्षालाई प्रमुखता दिनु), शक्ति र मोजमज्जाले दाउदलाई प्रभाव पार्न थालेको थियो। वरिपरि रहेका राष्ट्रहरूले गरेका दुष्ट तथा अनैतिक कामहरूले पनि उनलाई दुष्ट काम गर्न अग्रस पारेको थियो।

त्यसबेलाका चालचलनअनुसार पूर्विय राजाहरूले गरेका कुकृत्यलाई कसैले पनि सजायँ दिन्दैनथ्यो र त्यो अपराध पनि भनिन्दैनथ्यो। यी सबैले गर्दा पापको ज्ञानबारे दाउदको दिमागमा ऱ्हास आएको थियो। नम्र पूर्वक परमेश्वरको शक्तिमा भर पर्नुको साटो दाउद आफ्नै शक्ति र बुद्धीमा भर पर्न थालेको थियो।"-एलेन जी. ह्वाइट, कन्फ्लिक्ट एण्ड करेज, पृ. १७७बाट रूपान्तरित।

**चिन्तनमननः**

१. उच्च पद र प्रभावको बारेमा छलफल गर्नुहोस्। अख्तियार दुरूपयोगबाट कसरी वच्न सकिन्छ भन्ने कुरामा चर्चापरिचर्चा गर्नुहोस्। कसैले अधिकारलाई दुरुपयोग गरिरहेको बेलामा त्यो गलत हो भनेर कसरी देखाउने?

२. तपाईंको बाइबलका कक्षाका विद्यार्थीहरूका भौगोलिक, आर्थिक र साँस्कृतिक पृष्टभूमीको बारेमा सोच्नुहोस्। चर्चमा नआउने अरू मानिसहरूलाई के तपाईंको कक्षामा स्वागत गरिएको अनुभूत हुन्छ? गैर-इसाईहरूसँग तपाईं कसरी आफ्नो हात बढाउने?

३. बफादारी, इमान्दारी र सत्यवादी युरियाहलाई आफ्नै राजाको चक्रव्युहमा परि मर्नुपऱ्यो। बेइमानी दाउद राजाले युरियाहको अत्यन्त सुन्दरी पत्नि पाएपछि पनि धेरै वर्ष बाँचे। यसको बारमा तपाईं के भन्नुहुन्छ?

४. सबै मिलेर भजन ५१ पढ्नुहोस्। क्षमाशीलताको बारेमा यसले के सिकाउँछन्? दाउदको जस्तै दोषी हामी भएतापनि परमेश्वरको क्षमालाई ग्रहण गर्न हामीले कसरी सिक्ने?